**TULSSAA Journal**

**Vol. 13 Issue No. 1, August 2026**

**DOI-** https://doi.org/10.3126/tulssaa.v13i1.98610

**TULSSAA, Nepal**

# मदन पुरस्कार पुस्तकालय, शारदा र नेपाली कथाको जग

डा. अशोक थापा
Email: kazithapa@gmail.com
नेपाली केन्द्रीय विभाग, कीर्तिपुर
ORCID: https://orcid.org/0009-0004-5743-742X

## *लेखसार*

*नेपाली साहित्यको इतिहासमा शारदा पत्रिकालाई आधुनिक नेपाली कथाको प्रारम्भिक चरणको विकाससँग जोडेर चर्चा गरिए पनि त्यसको संरक्षणमा पुस्तकालयले निर्वाह गरेको अभिलेखीय भूमिकाको समग्र मूल्याङ्कन भएको पाइँदैन । यस अध्ययनले आधुनिक नेपाली कथाको विकासक्रम र त्यसको ऐतिहासिक पुनर्निर्माणमा मदन पुरस्कार पुस्तकालयको योगदानलाई शारदा पत्रिकाका संरक्षित अभिलेखका आधारमा विश्लेषण गर्ने उद्देश्य राखेको छ । प्रस्तुत अध्ययनमा अभिलेखीय सम्पदा संरक्षण (डकुमेन्ट्री हेरिटेज प्रिजर्भेसन) को अवधारणा तथा सांस्कृतिक स्मृति सिद्धान्त (कल्चरल मेमोरी थियरी) लाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । गुणात्मक अनुसन्धान विधिअन्तर्गत दस्तावेज विश्लेषण (डकुमेन्ट एनालाइसिस) विधिको प्रयोग गरी शारदा पत्रिकाका उपलब्ध प्रारम्भिक चरण (वि.सं. १९९१-२०००) का अङ्क, मदन पुरस्कार पुस्तकालयका अभिलेख, प्रकाशित अनुसन्धान तथा अन्य द्वितीयक स्रोतको विश्लेषण गरिएको छ । प्रस्तुत अध्ययनबाट शारदा आधुनिक नेपाली कथाको प्रकाशनमञ्च मात्र नभई नेपाली साहित्यको अभिलेखित सम्पदा र सांस्कृतिक स्मृतिको महत्त्वपूर्ण वाहक भएको पुष्टि भएको छ । यस पत्रिकाले गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, पुष्करशमशेर, बालकृष्ण शमशेर ज.ब.रा. (सम), भवानी भिक्षु, केशवराज पिँडाली, तारणीप्रसाद कोइराला, युद्धप्रसाद मिश्र, रुद्रराज पाण्डेय, विजयबहादुर मल्ल, लक्ष्मीप्रसाद देवककोटालगायतका कथाकारहरूको प्रारम्भिक चरणका कथालेखनलाई संस्थागत गर्दै प्रकाशनको मञ्च प्रदान गरेर आधुनिक नेपाली कथाको आधार निर्माण गरेको देखिन्छ । त्यस्तै मदन पुरस्कार पुस्तकालयले शारदाका अङ्कहरूको सङ्कलन, सूचीकरण, वर्गीकरण, संरक्षण, सूक्ष्मछवीकरण तथा डिजिटाइजेसनमार्फत ती साहित्यिक अभिलेखलाई दीर्घकालसम्म सुरक्षित राखी*

*नेपाली साहित्यिक स्मृतिको संरक्षण तथा आधुनिक नेपाली कथाको इतिहास पुनर्निर्माणका लागि अपरिहार्य अनुसन्धानाधार उपलब्ध गराएको निष्कर्ष प्राप्त भएको छ । प्रस्तुत अध्ययनको मुख्य योगदान पुस्तकालय विज्ञान, अभिलेख अध्ययन तथा नेपाली साहित्यबीच अन्तरसम्बन्ध स्थापित गर्नु हो । यसले अभिलेख संरक्षण र साहित्यिक इतिहासबीचको सम्बन्धलाई सैद्धान्तिक रूपमा स्पष्ट गर्दै आधुनिक नेपाली कथाको इतिहासनिर्माणमा पुस्तकालयको भूमिकालाई पुनर्परिभाषित गरेको छ । यस अध्ययनले नेपाली साहित्य र पुस्तकालय तथा सूचना विज्ञान दुवै क्षेत्रमा अन्तरविषयक अनुसन्धानका लागि नयाँ सैद्धान्तिक र अनुसन्धानात्मक आधार प्रदान गर्ने अपेक्षा गरिएको छ ।*

**शब्दकुञ्जीः** अभिलेखीकरण, डिजिटाइजेसन, धरोहर, नेपाली कथा, मपुपु, सांस्कृतिक स्मृति ।

## विषय परिचय

मानवसभ्यताको विकाससँगै ज्ञान, अनुभव र सांस्कृतिक सम्पदाको संरक्षण गर्ने संस्थाका रूपमा पुस्तकालयको अवधारणा विकसित हुँदै आएको हो । प्राचीन कालका माटाका फलकदेखि आधुनिक डिजिटल अभिलेखसम्म पुस्तकालयले समाजको बौद्धिक सम्पदालाई सङ्कलन, संरक्षण, व्यवस्थापन तथा पुस्तान्तरण गर्ने दायित्व निर्वाह गर्दै आएको छ । समकालीन पुस्तकालय विज्ञानमा पुस्तकालयलाई केवल पुस्तक सङ्ग्रह गर्ने संस्थामात्र नभई ज्ञानको संरक्षण, अनुसन्धानको प्रवर्द्धन, सांस्कृतिक पहिचानको संवर्द्धन तथा दस्तावेजीय धरोहरको दीर्घकालीन सुरक्षा गर्ने सामाजिक संस्थाका रूपमा परिभाषित गरिन्छ (ईफ्ला, सन् २०१९; युनेस्को, सन् २०१५) । विशेषतः राष्ट्रिय तथा अनुसन्धानमुखी पुस्तकालयहरूले कुनै राष्ट्रको इतिहास, भाषा, साहित्य र सांस्कृतिक स्मृतिलाई सुरक्षित राख्दै भावी अनुसन्धानका लागि विश्वसनीय प्राथमिक स्रोत उपलब्ध गराउने भएकाले तिनलाई ज्ञानसमाजको संस्थागत स्मृतिस्थल (इन्स्टिट्युसनल मेमोरी मेमोरी रिपोजिटरिज्) का रूपमा पनि लिइन्छ । यस दृष्टिले पुस्तकालयको भूमिका सूचनासेवामा मात्र सीमित नरही कुनै पनि राष्ट्रको बौद्धिक इतिहास र सांस्कृतिक निरन्तरताको संरक्षणसँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको मानिन्छ ।

नेपाली भाषा, साहित्य र संस्कृतिको इतिहासलेखनमा अभिलेखीय संस्थाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण मानिन्छ । यस्ता संस्थाहरूले केवल प्रकाशित सामग्रीको संरक्षणमात्र गर्दैनन्, बरु राष्ट्रको बौद्धिक, साहित्यिक र सांस्कृतिक सम्पदालाई दीर्घकालसम्म सुरक्षित राख्दै अनुसन्धानका लागि विश्वसनीय स्रोत उपलब्ध गराउने कार्य पनि गर्दछन् । यस दृष्टिले मदन पुरस्कार पुस्तकालय नेपाली भाषामा प्रकाशित पुस्तक, पुस्तिका, पत्रपत्रिका तथा अन्य मुद्रित सामग्रीहरूको सबैभन्दा समृद्ध र आधिकारिक अभिलेखालयका रूपमा स्थापित संस्था हो ।

मपुपुको स्थापना वि.सं. २०१३ सालमा भए पनि यसको प्रारम्भिक स्वरूप वि.सं. १९९७–९८ तिरको *'कमलको नेपाली सङ्ग्रह'* बाट विकसित भएको मानिन्छ । वि.सं. २०१२ सालमा रानी जगदम्बाद्वारा मदन पुरस्कार गुठी स्थापना भएपछि उक्त सङ्ग्रहलाई संस्थागत स्वरूप दिँदै 'मदन पुरस्कार पुस्तकालय नामकरण गरिएको थियो । त्यसयता यस पुस्तकालयले सात दशकभन्दा बढी समयदेखि नेपाली भाषामा प्रकाशित सामग्रीहरूको सङ्कलन, संरक्षण, वर्गीकरण, सूचीकरण तथा अभिलेखीकरण गर्दै आएको छ । विशेषतः डिवे दशमलव वर्गीकरण (डीडीसी) प्रणालीको प्रयोग, अभिलेखीय व्यवस्थापन तथा पछिल्ला वर्षहरूमा डिजिटाइजेसनका माध्यमबाट यसले नेपाली बौद्धिक सम्पदाको संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएको छ ।

नेपाली साहित्यको विकासक्रममा साहित्यिक पत्रपत्रिकाहरूले सिर्जना, विमर्श, प्रकाशन तथा साहित्यिक आन्दोलनका प्रमुख माध्यमका रूपमा भूमिकानिर्वाह गरेका छन् । आधुनिक नेपाली साहित्यका कविता, कथा, नाटक, निबन्ध, समालोचनालगायतका विधाहरूको विकासमा साहित्यिक पत्रिकाहरूको योगदान ऐतिहासिक रूपमा अत्यन्त महत्त्वपूर्ण रहेको देखिन्छ । यिनै पत्रिकामध्ये *शारदा* (१९९१, सम्पादक ऋद्धिबहादुर मल्ल) नेपाली साहित्यको आधुनिक युगलाई प्रतिनिधित्व गर्ने सबैभन्दा प्रभावशाली साहित्यिक पत्रिकाका रूपमा स्थापित भएको देखिन्छ । वि.सं. १९९१ सालमा ऋद्धिबहादुर मल्लको सम्पादनमा प्रकाशन आरम्भ भएको *शारदा*ले नेपाली साहित्यमा आधुनिक चेतना, नयाँ साहित्यिक प्रवृत्ति तथा सर्जनात्मक अभिव्यक्तिको विकासमा उल्लेखनीय योगदान दिएको छ ।

*शारदा* केवल साहित्यिक पत्रिकामात्र नभई नेपाली साहित्यिक इतिहासको एक महत्त्वपूर्ण अभिलेखीय दस्तावेज पनि हो । यसमा प्रकाशित सामग्रीहरूले तत्कालीन नेपाली समाज, भाषा, साहित्यिक प्रवृत्ति, वैचारिक चेतना तथा सर्जनात्मक अभ्यासलाई प्रतिनिधित्व गर्दछन् । विशेषतः आधुनिक नेपाली कथाको विकासक्रममा *शारदा*को भूमिका विशिष्ट रहेको पाइन्छ । गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण शमशेर ज.ब.रा., भवानी भिक्षु, केशवराज पिँडाली, तारिणीप्रसाद कोइरालालगायतका प्रतिष्ठित कथाकारहरूको प्रारम्भिक कथासिर्जना यसै पत्रिकामार्फत सार्वजनिक भएको तथ्यले यसको ऐतिहासिक महत्त्वलाई अझ स्पष्ट बनाउँदछ । यस आधारमा शारदा आधुनिक नेपाली कथाको प्रारम्भिक विकास, रूपान्तरण तथा साहित्यिक चेतनाको अध्ययनका लागि प्राथमिक स्रोतका रूपमा स्थापित भएको देखिन्छ ।

यस्ता ऐतिहासिक पत्रपत्रिकाहरू समयक्रमसँगै नष्ट हुने, क्षतिग्रस्त बन्ने वा अनुसन्धानको पहुँचबाट बाहिरिने जोखिममा रहने भएकाले तिनको संरक्षण र अभिलेखीकरणको आवश्यकता झन् महत्त्वपूर्ण बन्दै गएको छ । यस सन्दर्भमा मदन पुरस्कार पुस्तकालयले *शारदा*का उपलब्ध

अङ्कहरूको सङ्कलन, संरक्षण, सूचीकरण तथा डिजिटलीकरणमार्फत नेपाली साहित्यिक सम्पदाको दीर्घकालीन संरक्षणमा उल्लेखनीय योगदान पुऱ्याएको छ । यसले केवल ऐतिहासिक सामग्रीको सुरक्षामात्र गरेको छैन, अनुसन्धानकर्ताहरूलाई प्रामाणिक स्रोतसमेत उपलब्ध गराउँदै नेपाली साहित्यको इतिहासलेखनलाई थप सुदृढ बनाएको छ ।

यद्यपि, नेपाली साहित्यमा साहित्यिक पत्रपत्रिकामाथि केही अध्ययनहरू सम्पन्न भएका छन् र *शारदा*सम्बन्धी पनि सीमित लेख, टिप्पणी तथा सामान्य परिचयात्मक सामग्रीहरू उपलब्ध छन् । मदन पुरस्कार पुस्तकालयको अभिलेखीय योगदानसम्बन्धी पनि केही साना—ठूला लेखनहरू पाइन्छन् ।

मपुपु नेपाली भाषा र साहित्यको अभिलेखीय संरक्षण गर्ने नेपालको प्रमुख संस्थाका रूपमा विभिन्न अध्ययनमा उल्लेख गरिएको पाइन्छ । पुस्तकालयका सङ्ग्रह, सङ्कलन नीति, सूचीकरण, माइक्रोफिल्मिङ तथा डिजिटलीकरण सम्बन्धी जानकारी मुख्यतः मदन पुरस्कार पुस्तकालयका प्रकाशन, वार्षिक प्रतिवेदन तथा संस्थागत दस्तावेजहरूमा केन्द्रित छन् (https://madanpuraskar.org/) । थापा (सन् २०२५) ले मदन पुरस्कार पुस्तकालयको ऐतिहासिक विकासक्रम, संस्थागत विस्तार तथा नेपाली साहित्यिक धरोहर संरक्षणमा यसको योगदानमाथि प्रकाश पारेका छन् तथापि यी अध्ययनहरू मुख्यतः पुस्तकालयको संस्थागत इतिहास, सङ्ग्रहविकास तथा सेवामूलक पक्षमा सीमित देखिन्छन् । विशेषतः पुस्तकालयमा संरक्षित *शारदा* पत्रिकाका अभिलेखलाई आधुनिक नेपाली कथाको विकाससँग जोडेर विश्लेषण गर्ने अध्ययन हालसम्म देखिँदैन ।

शारदा पत्रिकालाई नेपाली साहित्यमा आधुनिक चेतनाको संवाहक साहित्यिक पत्रिकाका रूपमा विभिन्न साहित्यइतिहासकारहरूले उल्लेख गरेका छन् । नेपाली साहित्यको इतिहाससम्बन्धी ग्रन्थहरूमा *शारदा*को योगदानलाई आधुनिक साहित्यिक आन्दोलन, भाषा विकास तथा सर्जनात्मक अभिव्यक्तिको प्रवर्द्धनसँग जोडेर व्याख्या गरिएको पाइन्छ । घिमिरे (२०३२) ले नेपाली साहित्यमा *शारदा* पत्रिकाको योगदान शीर्षकमा शोधकार्य गरेका छन् । यसमा *शारदा*मा प्रकाशित लेखरचाहरूलाई लेखकको नामको वर्णानुक्रमअनुसार सूचीनिर्माण गरिएको छ । यस अध्ययनले शारदा को स्थापना, सम्पादकीय नीति, साहित्यिक प्रवृत्ति तथा विभिन्न विधागत योगदानको चर्चा गरिएको छ । तथापि शारदा मा प्रकाशित प्रारम्भिक कथाहरूलाई अभिलेखीय दृष्टिकोणबाट अध्ययन गरी आधुनिक नेपाली कथाको विकासक्रम पुनर्निर्माण गर्ने प्रयास भने अभावमै रहेको देखिन्छ ।

आधुनिक नेपाली कथाको विकाससम्बन्धी अध्ययनहरूमा गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, केशवराज पिँडाली, विजयबहादुर मल्ललगायतका प्रमुख कथाकारहरूको विषयवस्तु, शिल्प, यथार्थवाद तथा मनोवैज्ञानिक प्रवृत्तिको विश्लेषण गरिएको पाइन्छ । नेपाली कथाको विकासक्रमलाई विभिन्न कालखण्डमा विभाजन गर्दै साहित्यिक इतिहास लेख्ने प्रयासहरू पनि भएका छन् । सिजापती (२०६४) ले नेपाली कथाको सम्पादन परम्परालाई अध्ययन गर्ने क्रममा नेपाली कथाको इतिहास उल्लेख गरेका छन् । यद्यपि ती अध्ययनहरूमा कथाको साहित्यिक मूल्याङ्कनलाई प्राथमिकता दिइएको छ भने ती कथाहरू पहिलोपटक प्रकाशित भएका अभिलेखीय स्रोत, साहित्यिक पत्रिका तथा पुस्तकालयको संरक्षण भूमिकालाई विश्लेषणको केन्द्रमा राखिएको पाइँदैन ।

तथापि शारदा पत्रिकाको प्रारम्भिक चरणमा प्रकाशित कथाहरूलाई केन्द्रमा राखी तिनको ऐतिहासिक, साहित्यिक तथा आधुनिक नेपाली कथाको विकासक्रमसँगको सम्बन्धलाई मदन पुरस्कार पुस्तकालयमा सुरक्षित अभिलेखका आधारमा व्यवस्थित रूपमा विश्लेषण गरिएको अध्ययन हालसम्म उपलब्ध देखिँदैन । विशेषतः आज नेपाली साहित्यमा स्थापित भइसकेका कथाकारहरूको प्रारम्भिक कथासिर्जनाको स्वरूप, कथाशिल्प, विषयवस्तु तथा आधुनिकताको प्रारम्भिक रूपान्तरणलाई अभिलेखीय सामग्रीका आधारमा अध्ययन गर्ने प्रयासमा स्पष्ट शोधरिक्तता रहेको पाइन्छ ।

यही शोधरिक्तताको परिपूर्ति गर्ने उद्देश्यले प्रस्तुत अध्ययन सम्पन्न गरिएको हो । यस अध्ययनले मदन पुरस्कार पुस्तकालयको अभिलेखीय भूमिकालाई आधार बनाई शारदा पत्रिकाको प्रारम्भिक चरणमा प्रकाशित कथाहरूको विश्लेषणमार्फत आधुनिक नेपाली कथाको विकासक्रम, प्रारम्भिक कथाकारहरूको सर्जनात्मक प्रवृत्ति तथा शारदाको ऐतिहासिक योगदानलाई पुनर्मूल्याङ्कन गर्ने प्रयत्न गरेको छ । यसरी पुस्तकालयको अभिलेखीय महत्त्व, शारदा पत्रिकाको साहित्यिक योगदान तथा आधुनिक नेपाली कथाको आधारनिर्माणमा यसले निर्वाह गरेको भूमिकालाई एकीकृत रूपमा अध्ययन गर्नु नै प्रस्तुत अनुसन्धानको प्रमुख औचित्य र उद्देश्य हो ।

## अनुसन्धान विधि

प्रस्तुत अध्ययन गुणात्मक अनुसन्धान विधिमा आधारित छ। अध्ययनका लागि पुस्तकालयीय अनुसन्धान (लाइब्रेरी वर्क) र दस्तावेज विश्लेषण (डकुमेन्ट एनालिसिस) विधिको उपयोग गरिएको छ । शारदा पत्रिकासम्बन्धी प्रकाशित पुस्तक, अनुसन्धान लेख, अभिलेखीय सामग्री तथा मदन पुरस्कार पुस्तकालयका प्रकाशनहरूलाई अध्ययनको आधारसामग्रीका रूपमा प्रयोग गरिएको छ । साथै नेपाली साहित्यको इतिहास, नेपाली कथाको विकास तथा साहित्यिक पत्रिकाको भूमिकासम्बन्धी द्वितीयक स्रोतहरूको समेत उपयोग गरिएको छ ।

प्रस्तुत अनुसन्धानको प्राथमिक स्रोतका रूपमा शारदा पत्रिकाका मूल अङ्क, मदन पुरस्कार पुस्तकालयमा सुरक्षित अभिलेखीय सामग्री, सूचीपत्र, पुस्तकालयीय प्रकाशन तथा अन्य अभिलेखीय दस्तावेजहरूको उपयोग गरिएको छ । त्यसैगरी नेपाली साहित्यको इतिहास, आधुनिक नेपाली कथाको विकास, साहित्यिक पत्रिकाको भूमिका, सांस्कृतिक स्मृति तथा अभिलेखीय संरक्षणसँग सम्बन्धित प्रकाशित पुस्तक, अनुसन्धान लेख र अन्य द्वितीयक स्रोतहरूलाई सहायक सामग्रीका रूपमा प्रयोग गरिएको छ । यसै प्रस्तुत लेखमा उद्देश्यपरक नमुना छनोट (प्रपोसिभ स्याम्प्लिङ) विधिको पनि अवलम्बन गरिएको छ ।

प्रस्तुत अध्ययनको समष्टि शारदा पत्रिकामा प्रकाशित सम्पूर्ण कथा तथा कथासम्बन्धी अभिलेखीय सामग्रीहरू हुन् तर अध्ययनलाई व्यवस्थापनयोग्य, ऐतिहासिक रूपमा अर्थपूर्ण तथा अनुसन्धानको उद्देश्यसँग प्रत्यक्ष सम्बन्धित बनाउन उद्देश्यपरक नमुनाछनोट विधिअनुसार वि.सं. १९९१ देखि २००० सम्म प्रकाशित शारदा पत्रिकाका कथाहरूलाई अध्ययनको नमुनाका रूपमा चयन गरिएको छ । यस अवधिलाई शारदाको प्रारम्भिक प्रकाशन चरण तथा आधुनिक नेपाली कथाको संस्थागत विकासको आधारनिर्माण भएको कालखण्डका रूपमा मानिएकाले यही समयसीमालाई अध्ययनको केन्द्र बनाइएको हो ।

प्रस्तुत अध्ययन वि.सं. १९९१ देखि २००० सम्म प्रकाशित शारदा पत्रिकामा सीमित गरिएको छ । यद्यपि शारदा यसपछि पनि प्रकाशित हुँदै आएको भए तापनि अनुसन्धानलाई केन्द्रित, व्यवस्थित र गहन बनाउन प्रारम्भिक दशवर्षीय अवधिलाई मात्र अध्ययनको समयसीमा निर्धारण गरिएको हो । यस अवधिमा प्रकाशित कथाहरूले आधुनिक नेपाली कथाको प्रारम्भिक स्वरूप, कथावस्तु, कथाशिल्प तथा प्रमुख कथाकारहरूको उदयलाई प्रतिनिधित्व गर्ने भएकाले यही कालखण्ड अनुसन्धानका लागि उपयुक्त मानिएको छ । फलतः अध्ययन सामग्री छनोट गर्दा निम्न आधारहरू अपनाइएको छः

(क) वि.सं. १९९१—२००० को अवधिभित्र शारदा पत्रिकामा प्रकाशित कथामात्र समावेश गरिएको ।

(ख) मदन पुरस्कार पुस्तकालयमा सुरक्षित तथा प्रमाणीकरण गर्न सकिने मूल वा आधिकारिक अभिलेखीय स्रोतलाई प्राथमिकता दिइएको ।

(ग) कथाकार, कथाशीर्षक, प्रकाशन वर्ष, महिना जस्ता विवरण स्पष्ट रूपमा उपलब्ध भएका सामग्री मात्र विश्लेषणमा समावेश गरिएको ।

(घ) आधुनिक नेपाली कथाको प्रारम्भिक विकासक्रम, साहित्यिक प्रवृत्ति तथा अभिलेखीय महत्त्वसँग प्रत्यक्ष सम्बन्धित सामग्रीलाई मात्र विश्लेषणको आधार बनाइएको ।

(ङ) अध्ययनको सैद्धान्तिक आधारसँग सम्बन्धित सांस्कृतिक स्मृति, अभिलेखीय संरक्षण तथा नेपाली साहित्यको इतिहाससम्बन्धी विश्वसनीय द्वितीयक स्रोतलाई पूरक सामग्रीका रूपमा उपयोग गरिएको ।

## सैद्धान्तिक प्रारूप

प्रस्तुत अध्ययनको सैद्धान्तिक आधार सांस्कृतिक स्मृति सिद्धान्त (कल्चरल मेमोरी थियरी) मा आधारित छ । यस सिद्धान्तअनुसार समाजको ऐतिहासिक अनुभव, ज्ञान तथा सांस्कृतिक पहिचान विभिन्न दस्तावेज, साहित्यिक सामग्री र अभिलेखमार्फत सुरक्षित रहन्छ । साहित्यिक पत्रिका सांस्कृतिक स्मृतिका वाहक माध्यम हुन् । तिनको संरक्षण समाजको बौद्धिक इतिहासको संरक्षणसँग सम्बन्धित हुन्छ । साथै अभिलेख सम्पदा संरक्षण (डकुमेन्ट्री हेरिटेज प्रिजर्भसन) को अवधारणालाई सहायक सैद्धान्तिक आधारका रूपमा ग्रहण गरिएको छ । यस अवधारणाअनुसार पत्रपत्रिका, पाण्डुलिपि, पुस्तक तथा अभिलेखीय सामग्री मानव सभ्यताको दस्तावेजी सम्पदा हुन् । तिनको संरक्षण, पहुँच र दीर्घकालीन उपयोग सुनिश्चित गर्नु स्मृति संस्थाहरूको दायित्व हो ।
प्रस्तुत लेख केबल साहित्यिक विश्लेषण या साहित्यिक पत्रिकाको चिनारी मात्र होइन । यो अभिलेक सम्पदा, सङ्ग्रहलाय अध्ययन र सांस्कृतिक स्मृतिलाई जोड्ने अन्तरविषयक (इन्टरडिसिप्लिनरी) अनुसन्धान हो । यस अध्ययनमा शारदामा प्रकाशन भएका (सं. १९९१-२००० सम्म) कथा, कथाकार, प्रकाशन वर्ष, अङ्क आदि व्यवस्थित रूपमा अभिलेखीकरण (डकुमेन्टेसन) गरेको देखाउँछ । साथै विभिन्न कथाकार र कथाहरूको सूचीले *शारदा*लाई आधुनिक नेपाली कथाको अभिलेखीय स्रोतका रूपमा प्रयोग गर्न सकिने आधार प्रदान गरेको छ ।

यहाँ अभिलेखीय सम्पदा संरक्षण अवधारणा (डकुमेन्टरी हेरिटेज प्रिजर्भेसन कन्सेप) पहिलो आधारको रूपमा लिइएको छ । युनेस्कोले डकुमेन्टरी हेरिटेजलाई कुनै राष्ट्र, समुदाय वा सभ्यताको ऐतिहासिक, बौद्धिक तथा सांस्कृतिक स्मृतिको प्राथमिक प्रमाण (प्राइमरी एभिडन्स) मानेको छ । यस्ता दस्तावेज केवल सूचनाको स्रोत होइनन्; तिनले समाजको सामूहिक स्मृति, ज्ञानको निरन्तरता तथा सांस्कृतिक पहिचानलाई पुस्तादेखि पुस्तासम्म हस्तान्तरण गर्ने कार्य गर्दछन् (युनेस्को, सन् २०१५) । संसारभर संरक्षणीय क्रियाकलापमा यस सङ्गठनले प्रेरणादायी भूमिका पनि निर्वाह गरेको छ ।

प्रस्तुत अवधारणाअनुसार संरक्षण (प्रिजर्भेसन) भनेको केवल पुराना कागजात सुरक्षित राख्नु मात्र होइन तिनको सङ्कलन, सूचीकरण (क्यटलगिङ), वर्गीकरण (क्लासिफिकेसन), डिजिटलीकरण

(डिजिटाइजेसन), पहुँच (एक्सेसेबिलटी) तथा दीर्घकालीन उपयोग सुनिश्चित गर्नु पनि हो (हार्भी, सन् २०११) । संसारभरका प्रसिद्धा पुस्तकालय तथा अभिलेखालयले यस प्रकृतिका प्रकार्य निरन्तर गरिरहेका छन् ।

प्रस्तुत दृष्टिकोणबाट हेर्दा मदन पुरस्कार पुस्तकालयले *शारदा* पत्रिकाका उपलब्ध अङ्कहरूको सङ्कलन, सूचीकरण तथा संरक्षण गरी नेपाली साहित्यको अभिलेख सम्पदा (डकुमेन्टरी हेरिटेज) जोगाउने महत्त्वपूर्ण कार्य गरेको देखिन्छ । यदि यी अभिलेखहरू सुरक्षित नरहेको भए आधुनिक नेपाली कथाको प्रारम्भिक विकासक्रम पुनर्निर्माण गर्न जटिले हुने थियो । त्यसैले यस अध्ययनमा *शारदा* लाई केवल साहित्यिक पत्रिका नभई डकुमेन्टरी हेरिटेज अबजेक्ट' का रूपमा ग्रहण गरिएको देखिन्छ ।

प्रस्तुत अवधारणाले मूलतः ३ अनुसन्धान प्रश्न उठाउँदछ ।

१. किन शारदाको संरक्षण आवश्यक थियो ?

२. पुस्तकालयले यसको संरक्षण कसरी गर्यो ?

३. संरक्षणले नेपाली साहित्यको इतिहास लेखनमा के योगदान पुर्‍यायो ?

प्रस्तुत अध्ययनको अर्को सैद्धान्तिक आधार सांस्कृतिक स्मृति सिद्धान्त (कल्चरल मेमोरी थियरी) हो । जन अस्मान (सन् १९९५; २०११) का अनुसार कुनै पनि समाजको इतिहास केवल मानिसहरूको व्यक्तिगत सम्झनामा मात्र जीवित रहँदैन; त्यो पुस्तक, अभिलेख, पुस्तकालय, सङ्ग्रहालय, स्मारक तथा साहित्यिक कृतिहरूमा संस्थागत रूपमा सुरक्षित हुन्छ । यिनै माध्यमबाट समाजले आफ्नो सामूहिक अतीतलाई स्मरण गरिरहन्छ ।

यसै गरी एलिडा अस्मान (सन् २०११) ले सांस्कृति स्मृतिलाई दुई तहमा विभाजन गरेकी छन्-

(क) प्रकार्यमूलक स्मृति (फङ्सनल मेमोरी),

(ख) सञ्चित स्मृति (स्टोरेज मेमोरी) ।

प्रकार्यमूलक स्मृतिअन्तर्गत तिनै सामग्रीलाई पुनः अध्ययन गरी समाजले नयाँ अर्थ निर्माण गर्दछ भने सञ्चित स्मृतिअन्तर्गत पुस्तकालय, अभिलेखालय तथा दस्तावेजहरू रहन्छन् । प्रस्तुत सिद्धान्तका आधारमा हेर्दा शारदा पत्रिका सञ्चित मेमोरी हो भने मदन पुरस्कार पुस्तकालय त्यसको संस्थागत संरक्षक (इन्स्टिच्यसनल मेमोरी किपर) हो । अहिले अनुसन्धानकर्ताले शारदाका कथाहरू

पुनः अध्ययन गर्नु भनेको प्रकार्य मूलक स्मृति निर्माण गर्नु हो । प्रस्तुत अवधारणालाई यस प्रकृतिको आरेखबाट हेर्न सकिन्छ। ।

**पुस्तकालय → संरक्षण**

↓

**शारदा → सांस्कृतिक स्मृति**

↓

**अनुसन्धान → स्मृतिको पुनर्निर्माण**

त्यसैले आधुनिक नेपाली कथाको विकासक्रम अध्ययन गर्नु भनेको केवल कथा पढ्नु होइन; नेपाली समाजको सांस्कृतिक स्मृतिलाई पुनः व्याख्या गर्नु पनि हो (अस्मान, सन् १९९५, २०११) । खासमा संरक्षित स्मृतिको पुनर्पठन गर्नु हो ।

दार्शनिक ज्याक डेरिडा (सन् १९९५) ले अभिलेखलाई शक्ति, स्मृति र इतिहास निर्माण गर्ने संस्थाका रूपमा व्याख्या गरेका छन् । उनका अनुसार 'अभिलेखको नियन्त्रणबिना कुनै राजनीति स्थापित हुन सक्दैन । अर्थात् अभिलेखालय केवल पुराना सामग्री राख्ने ठाउँ होइन; यसले भविष्यमा इतिहास कसरी लेखिनेछ भन्ने निर्धारण गर्दछ । प्रस्तुत अध्ययनमा मदन पुरस्कार पुस्तकालयले शारदालाई सुरक्षित राखेकै कारण नेपाली कथाको प्रारम्भिक इतिहास पुनः लेख्न सम्भव भएको छ । त्यसैले पुस्तकालय स्वयं सांस्कृतिक स्मृतिको संस्था हो । फलतः यस अनुसन्धानका लागि यस प्रकृतिको एक अनुसन्धेय रूपरेखा प्रस्तुत गरिएको छ ।

**ऐतिहासिक साहित्यिक पत्रिका**

↓

**शारदा**

↓

**अभिलेख सम्पदा**

**संरक्षण, सूचीकरण, वर्गीकरण, डिजिटाइजेसन**

↓

**मदन पुरस्कार पुस्तकालय**

↓

**सांस्कृतिक स्मृति**

(सङ्कलित स्मृति)

↓

**प्रारम्भिक नेपाली कथा**

↓

**साहित्य इतिहासको पुनर्लेखन**

प्रस्तुत आलेखमा अभिलेखीय सम्पदा संरक्षण अवधारणाले मदन पुरस्कार पुस्तकालयको अभिलेखीय भूमिकालाई व्याख्या गर्दछ भने सांस्कृतिक स्मृति सिद्धान्तले *शारदा*मा प्रकाशित कथाहरूलाई नेपाली समाजको सामूहिक सांस्कृतिक स्मृतिको अभिव्यक्तिका रूपमा विश्लेषण गर्न सैद्धान्तिक आधार प्रदान गर्दछ । यी दुवै सिद्धान्तको समन्वयबाट *शारदा*मा प्रकाशित प्रारम्भिक कथाहरू केवल साहित्यिक रचना नभई नेपाली आधुनिकताको ऐतिहासिक दस्तावेज तथा सांस्कृतिक स्मृतिका स्रोतका रूपमा व्याख्या गर्न सकिन्छ । यसरी पुस्तकालय, अभिलेख, पत्रिका र साहित्यबीचको अन्तर्सम्बन्धलाई स्पष्ट गर्दै आधुनिक नेपाली कथाको इतिहास पुनर्निर्माण गर्नु नै प्रस्तुत अनुसन्धानको प्रमुख सैद्धान्तिक आधार हो ।

## शारदाको ऐतिहासिक महत्त्व

*शारदा* नेपाली साहित्यको इतिहासमा आधुनिक साहित्यिक चेतनाको संवाहक पत्रिकाका रूपमा परिचित छ । राणाशासनको सीमित अभिव्यक्ति स्वतन्त्रताबीच यसले साहित्यिक सिर्जनालाई सार्वजनिक मञ्च उपलब्ध गरायो । नेपाली साहित्यका अनेक प्रतिभाहरूको सिर्जनात्मक यात्रा शारदाबाटै सुरु भएको पाइन्छ । पुस्तकालय पर्व (१९८७) जस्तो जनविरोधी घटना भएको झन्डै ५ वर्षपछि तत्कालीन शासकहरूको समर्थन र सहयोगमा शारदा साहित्यिक पत्रिका आरम्भ भयो । गैरराजनीतिक स्वभावको पत्रिका भएकाले तत्कालीन शासकहरूले पनि यसलाई सम्मानकै आँखाले हेरे । सचेत लेखक, अध्येता र प्राज्ञिक व्यक्तिहरूले पनि साहित्यमार्फत आफ्ना धारणा राख्नका लागि शारदा ऐतिहासिक मञ्चको रूपमा रह्यो । अनुवाद रूपान्तरणमा रुमल्लिइरहेको नेपाली साहित्यले पनि १९९२ पछि चेतनाको तहमा विकास हुने वातावरण प्राप्त गऱ्यो । फलतः नेपाली साहित्यको गजलाई बलियो बनाउने र नेपाली कथाको आधुनिकताको आधार बलियो बनाउने श्रेय शारदालाई पनि प्राप्त भयो ।

*शारदा* प्रकाशित हुनुअघि नेपाली कथाले संस्थागत स्वरूप प्राप्त गरिसकेको थिएन । कथाहरू विभिन्न पत्रपत्रिकामा छरिएर प्रकाशित हुने अवस्था थियो । *शारदा*ले कथालाई नियमित स्थान प्रदान गऱ्यो । यसले कथा विधालाई पाठकमाझ लोकप्रिय बनायो तथा कथाकारहरूलाई अभिव्यक्तिको स्थायी माध्यम उपलब्ध गरायो । *शारदा*मा सामाजिक यथार्थ, पारिवारिक सम्बन्ध, नैतिक द्वन्द्व, वर्गीय असमानता तथा मानव मनोविज्ञानसम्बन्धी विषयवस्तुमा आधारित कथाहरू प्रकाशित हुन थाले । यसले नेपाली कथालाई मनोरञ्जनात्मक आख्यानबाट सामाजिक यथार्थतर्फ उन्मुख गराउन सहयोग पुऱ्याएको देखिन्छ ।

शारदा पत्रिकाले आधुनिक नेपाली कथाको परम्परामा एउटा आधार (क्यानन) को निर्माण गर्न सक्यो । साहित्यिक इतिहासमा क्यानन भन्नाले कुनै साहित्यिक परम्पराले प्रतिनिधिमूलक, अनुकरणीय तथा दीर्घकालसम्म अध्ययनयोग्य मानेका लेखक, कृति र साहित्यिक मूल्यहरूको संस्थागत स्वीकृतिलाई जनाउँछ (Guillory, 1993) । कुनै पनि साहित्यिक क्यानन स्वतः निर्माण हुँदैन; त्यसका लागि प्रकाशन संस्था, साहित्यिक पत्रिका, पाठक समुदाय, समालोचना तथा शैक्षिक संस्थाहरूको संयुक्त भूमिका रहन्छ । यस दृष्टिले हेर्दा नेपाली साहित्यमा शारदा केवल साहित्यिक पत्रिका नभई आधुनिक नेपाली कथाको क्यानन निर्माण गर्ने ऐतिहासिक माध्यमका रूपमा देखापर्दछ ।

शारदाले नेपाली कथालाई नियमित प्रकाशनको मञ्च उपलब्ध गराउनुका साथै पछि नेपाली कथाको इतिहासमा आधारस्तम्भका रूपमा स्थापित भएका स्रष्टाहरूको प्रारम्भिक सिर्जनालाई सार्वजनिक गर्ने कार्य गऱ्यो । आधुनिक नेपाली कथाका प्रमुख यथार्थवादी कथाकार गुरुप्रसाद मैनालीको पहिलो कथा 'नाशो' शारदामै प्रकाशित भएको थियो । पछि यही कथा आधुनिक नेपाली कथाको विकासक्रममा यथार्थवादी कथाशैलीको प्रतिनिधि रचनाका रूपमा स्थापित भयो । त्यसैगरी नेपाली मनोविश्लेषणवादी कथाको आधार निर्माण गर्ने विश्वेश्वरप्रसाद कोइरालाको पहिलो कथा 'चन्द्रवदन' पनि शारदामै प्रकाशित भएको थियो । यसैगरी समाजमनोविश्लेषणात्मक कथाका प्रमुख स्रष्टा भवानी भिक्षुको पहिलो कथा 'मानव' तथा आदर्शवादी कथाका प्रतिनिधि स्रष्टा बालकृष्ण समको 'पराई घर' पनि शारदा मार्फत नै पाठकसमक्ष आएको देखिन्छ । यी उदाहरणहरूले शारदाले केवल कथा प्रकाशित गरेको नभई नेपाली कथाका विविध प्रवृत्तिका प्रतिनिधि स्रष्टाहरूलाई सार्वजनिक साहित्यिक मान्यता प्रदान गर्ने प्रारम्भिक संस्थागत भूमिका निर्वाह गरेको स्पष्ट हुन्छ ।

यस प्रक्रियालाई कथाको परम्परा निर्माणको दृष्टिले हेर्दा *शारदा*ले आधुनिक नेपाली कथाको आधार निर्माण गर्ने सर्जकहरूको पहिलो सार्वजनिक साहित्यिक पहिचान निर्माण गरिदियो । ती कथाहरू पछि नेपाली साहित्यको इतिहास, विश्वविद्यालयीय पाठ्यक्रम, समालोचना तथा अनुसन्धानका

प्रमुख अध्ययनवस्तु बने । यसरी शारदामा प्रकाशित प्रारम्भिक कथाहरू क्रमशः नेपाली साहित्यिक परम्पराका मानक कृतिका रूपमा स्थापित हुँदै गए । अर्थात्, शारदाले तत्कालीन सिर्जनालाई केवल प्रकाशनको अवसर मात्र प्रदान गरेन, बरु पछि नेपाली साहित्यले 'प्रतिनिधि कथाकार' र 'प्रतिनिधि कथा' भनेर स्वीकार गर्ने आधारसमेत तयार गऱ्यो ।

यस सम्पूर्ण प्रक्रियामा मदन पुरस्कार पुस्तकालयको भूमिका समान रूपमा महत्त्वपूर्ण देखिन्छ। यदि शारदाका प्रारम्भिक अङ्कहरू व्यवस्थित रूपमा सङ्कलन, सूचीकरण, संरक्षण, माइक्रोफिल्मिङ तथा डिजिटलीकरण नगरिएका भए आधुनिक नेपाली कथाको क्यानन निर्माणको ऐतिहासिक प्रक्रिया प्रमाणसहित पुनर्निर्माण गर्न कठिन हुने थियो । यस अर्थमा शारदाले साहित्यिक क्यानन निर्माण गऱ्यो भने मदन पुरस्कार पुस्तकालयले त्यस क्याननका आधारभूत दस्तावेजहरूलाई सुरक्षित राख्दै नेपाली साहित्यको सांस्कृतिक स्मृतिलाई निरन्तरता प्रदान गऱ्यो । त्यसैले आज आधुनिक नेपाली कथाको इतिहास जसमाथि उभिएको छ, त्यसको साहित्यिक आधार शारदा हो भने त्यस आधारलाई पुस्तौंसम्म सुरक्षित राख्ने संस्थागत शक्ति मदन पुरस्कार पुस्तकालय हो । यसरी शारदा र मदन पुरस्कार पुस्तकालयको सम्बन्ध सिर्जना र संरक्षण, साहित्य र अभिलेख तथा क्यानन र सांस्कृतिक स्मृतिबीचको अन्तरनिर्भर सम्बन्धका रूपमा स्थापित हुन्छ ।

## नेपाली कथाको अभिलेख

शारदामा प्रकाशित कथाहरू नेपाली कथाको विकासक्रम बुझ्न महत्त्वपूर्ण प्राथमिक स्रोत हुन् । तत्कालीन कथाको भाषा, शैली, विषयवस्तु तथा साहित्यिक प्रवृत्तिको अध्ययनका लागि शारदाका अङ्कहरू अपरिहार्य स्रोतका रूपमा रहेका छन् । यस दृष्टिले शारदा नेपाली कथाको अभिलेखीय सम्पदा हो । वि.स. १९९२ देखि २००० सालसम्मका शारदामा प्रकाशित नेपाली कथाहरूको प्रतिनिधि सूची यस प्रकार रहेको छ ।

शारदामा प्रकाशित कथाको प्रतिनिधि तालिका (१९९२-२०००)

| क्र.सं. | लेखक | कथाशीर्षक | महिना | वर्ष वि.स. |
|---|---|---|---|---|
| १ | गुरुप्रसाद मैनाली | नाशो | जेष्ठ | १९९२ |
| २ | पुष्कर समशेर | शाहू वृद्धि | आषाढ | १९९२ |
| ३ | विश्वेश्वरप्रसाद कोइराला | चन्द्र वदन | मार्ग–पौष | १९९२ |
| ४ | रुद्रराज पाण्डेय | जयमल र पत्ता | श्रावण | १९९२ |
| ५ | गुरुप्रसाद मैनाली | छिमेकी | वैशाख | १९९३ |
| ६ | गुरुप्रसाद मैनाली | विधवाको प्रायश्चित्त | फाल्गुण–चैत्र | १९९३ |

| | | | | |
|---|---|---|---|---|
| ७ | भवानी भिक्षु | मानव | भाद्र | १९९४ |
| ८ | केशवराज पिंडाली | कलंकीनी | फागुन-चैत्र | १९९४ |
| ९ | पुष्कर शमशेर | स्वार्थ त्याग | मार्ग–आश्विन | १९९५ |
| १० | तारिणीप्रसाद-कोइराला | आमाको हृदय | चैत्र | १९९६ |
| ११ | लक्ष्मीप्रसाद देवकोटा | उसको मने | जेष्ठ | १९९६ |
| १२ | भवानी भिक्षु | त्यो सात दिन | आश्विन | १९९६ |
| १३ | भीमनिधि तिवारी | दान | बैशाख | १९९६ |
| १४ | पुष्करशमशेर | मनको पलट | वैशाख | १९९७ |
| १५ | तारिणीप्रसाद कोइराला | चोरी | माघ | १९९७ |
| १६ | विश्वेश्वरप्रसाद कोइराला | द्वन्द्व प्रेम | वैशाख | १९९७ |
| १७ | विश्वेश्वरप्रसाद कोइराला | प्रेम | कार्तिक | १९९७ |
| १८ | बालकृष्ण शमशेर ज.ब.रा. | हरिसिद्धि | वैशाख | १९९७ |
| १९ | भवानी भिक्षु | तपस्या | माघ | १९९७ |
| २० | भवानी भिक्षु | त्यो फेरि फर्कला | मार्ग | १९९७ |
| २१ | मातृकाप्रसाद कोइराला | गरीब | आश्विन | १९९७ |
| २२ | रुद्रराज पाण्डेय | आमाको हृदय | आषाढ | १९९७ |
| २३ | तारिणीप्रसाद कोइराला | फूल | पौष | १९९८ |
| २४ | तारिणीप्रसाद कोइराला | नर्मदाको कुकुर | वैशाख | १९९८ |
| २५ | तारिणीप्रसाद कोइराला | पशुपति बाजेकी स्वास्नी | आश्विन | १९९८ |
| २६ | तारिणीप्रसाद कोइराला | पाप | आषाढ | १९९८ |
| २७ | तारिणीप्रसाद कोइराला | मारीन | पौष–माघ | १९९८ |
| २८ | बालकृष्ण शमशेर ज.ब.रा. | यौवन सुन्दरता | वैशाख | १९९८ |
| २९ | युद्धप्रसाद मिश्र | पुनर्मिलन | ज्येष्ठ | १९९८ |
| ३० | युदुनाथ खनाल | बाटो विलायो | मार्ग | १९९८ |
| ३१ | केशवराज पिंडाली | परदेशी | माघ | १९९८ |
| ३२ | भवानी भिक्षु | गुनकेसरी | भाद्र | १९९९ |
| ३३ | विजयबहादुर मल्ल | दश रुपियाँ | माघ–फाल्गुण | २००० |

वि.सं. १९९२ देखि २००० सम्म शारदामा प्रकाशित कथाहरूको प्रतिनिधि सूची हेर्दा यो पत्रिका आधुनिक नेपाली कथाको विकासक्रमको जीवित अभिलेखका रूपमा देखापर्छ । माथिको प्रतिनिधि सूचीमा गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, रुद्रराज पाण्डेय, तारिणीप्रसाद कोइराला, पुष्कर शमशेर, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, विजयबहादुर मल्ल, युद्धप्रसाद मिश्र, युदुनाथ खनाल, केशवराज पिंडालीजस्ता आधुनिक नेपाली कथाका प्रमुख स्रष्टाहरूका कथा समेटिएका छन् । नाशो, छिमेकी, विधवाको प्रायश्चित्त, चन्द्र वदन, द्वन्द्व प्रेम, प्रेम, मावन, त्यो सात दिन, गुनकेसरी, दान, उसको मने, दश रुपियाँ आदि कथाहरू नेपाली कथासाहित्यका प्रतिनिधि र आधारभूत रचनाका रूपमा स्थापित भइसकेका छन् ।

यी कथाहरू केवल साहित्यिक सिर्जना मात्र होइनन्; नेपाली समाजको तत्कालीन सामाजिक संरचना, वर्गीय सम्बन्ध, लैङ्गिक अवस्था, मनोवैज्ञानिक चेतना, सांस्कृतिक रूपान्तरण तथा आधुनिकताको विकासक्रमलाई अभिलेखित गर्ने ऐतिहासिक दस्तावेज पनि हुन् । भाषाशैली, कथावस्तु, चरित्र निर्माण, कथनप्रविधि तथा साहित्यिक प्रवृत्तिको अध्ययनका लागि शारदाका अङ्कहरू प्राथमिक स्रोतका रूपमा अत्यन्त विश्वसनीय मानिन्छन् । त्यसैले शारदालाई आधुनिक नेपाली कथाको अभिलेखीय सम्पदामात्र नभई यसको आधारस्तम्भ र इतिहासको मूल स्रोत भन्न सकिन्छ ।

प्रस्तुत सूचीले अर्को महत्त्वपूर्ण तथ्य के पुष्टि गर्दछ भने आधुनिक नेपाली कथाको प्रारम्भिक विकासमा योगदान दिएका अधिकांश प्रतिनिधि कथाकारहरूको सिर्जना शारदामै सुरक्षित रूपमा उपलब्ध छन् । यस अर्थमा *शारदा* नेपाली कथाको विकासयात्रालाई क्रमबद्ध रूपमा बुझ्न सकिने सबैभन्दा महत्त्वपूर्ण साहित्यिक अभिलेख हो ।

### कथा संरक्षणमा मपुपुको भूमिका

आधुनिक नेपाली कथाको इतिहासलाई सुरक्षित राख्न मदन पुरस्कार पुस्तकालयले निर्वाह गरेको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । नेपालकै सबैभन्दा समृद्ध साहित्यिक अभिलेखालयका रूपमा स्थापित यस पुस्तकालयले शारदाजस्ता दुर्लभ पत्रिकाहरूको सङ्कलन, संरक्षण, सूचीकरण तथा व्यवस्थित अभिलेखीकरण गर्दै आएको छ । यदि यस्ता पत्रिकाहरू समयमै संरक्षण नगरिएका भए आधुनिक नेपाली कथाका धेरै आधारभूत सामग्रीहरू नष्ट हुने सम्भावना थियो ।

पुराना पत्रपत्रिका समयसँगै कागजको गुणस्तर कमजोर हुँदै जाने, आर्द्रता, तापक्रम, धूलो, प्रकाश तथा अत्यधिक प्रयोगका कारण क्षति पुग्ने जोखिममा हुन्छन् । यस्तो अवस्थामा मदन पुरस्कार पुस्तकालयले वैज्ञानिक संरक्षण पद्धति अपनाउँदै उचित भण्डारण, संरक्षण सामग्रीको प्रयोग, सूचीकरण तथा अभिलेखीकरणमार्फत यी दस्तावेजहरूको दीर्घकालीन सुरक्षा सुनिश्चित गरेको छ ।

यसले नेपाली साहित्यको ऐतिहासिक निरन्तरतालाई सुरक्षित राख्ने कार्यमा उल्लेखनीय योगदान दिएको छ ।

**डिजिटलीकरण र अनुसन्धानपहुँच**

दुर्लभ दस्तावेजको दीर्घकालीन संरक्षणका लागि विश्वभरि प्रयोग हुने प्रभावकारी उपायहरूमध्ये माइक्रोफिल्मिङ र डिजिटलीकरण प्रमुख मानिन्छन् । मदन पुरस्कार पुस्तकालयले पनि आफ्ना दुर्लभ सङ्ग्रह, विशेषतः शारदाजस्ता ऐतिहासिक पत्रिकाहरूको संरक्षणका लागि माइक्रोफिल्मिङ र डिजिटल प्रविधिको उपयोग गर्दै आएको छ । माइक्रोफिल्मले मूल कागजी प्रतिलाई बारम्बार प्रयोग गर्नुपर्ने आवश्यकता घटाउँछ भने डिजिटल प्रतिले सुरक्षित दीर्घकालीन संरक्षणका साथै सहज पहुँच उपलब्ध गराउँछ ।

शारदाका अङ्कहरूको डिजिटलीकरणले आधुनिक नेपाली कथाको इतिहास अध्ययन गर्ने अनुसन्धानकर्ताहरूलाई अमूल्य सुविधा प्रदान गरेको छ । पहिले दुर्लभ पत्रिका खोज्न पुस्तकालयमै पुग्नुपर्ने अवस्था थियो भने अहिले डिजिटल प्रतिमार्फत सामग्रीको खोज, अध्ययन र सन्दर्भ उपयोग अपेक्षाकृत सहज बनेको छ । यसले स्वदेशी मात्र होइन, नेपाली साहित्यमा अनुसन्धान गर्ने विदेशी अनुसन्धानकर्तालाई पनि नेपाली कथाको मूल स्रोतसम्म पहुँच विस्तार गरेको छ । फलस्वरूप साहित्येतिहास, पाठालोचन, पाठभेद, सांस्कृतिक अध्ययन, लैङ्गिक अध्ययन, अभिलेख अध्ययन तथा डिजिटल ह्युम्यानिटिजजस्ता नयाँ अनुसन्धान क्षेत्रहरूका लागि पनि शारदा महत्त्वपूर्ण आधारसामग्री बनेको छ ।

**धरोहर र सांस्कृतिक स्मृतिका संरक्षक मपुपु**

पुस्तकालय केवल पुस्तक सङ्कलन गर्ने संस्था मात्र होइन यो कुनै राष्ट्रको ज्ञान, इतिहास र सांस्कृतिक स्मृतिको संस्थागत संरक्षक पनि हो । विशेषतः साहित्यिक पत्रपत्रिका, पाण्डुलिपि र दुर्लभ प्रकाशनहरूको संरक्षणले कुनै भाषाको बौद्धिक इतिहासलाई भविष्यका पुस्तासम्म सुरक्षित रूपमा हस्तान्तरण गर्ने कार्य गर्दछ । यस दृष्टिले शारदाजस्ता पत्रिकाको संरक्षण केवल पुस्तकालयीय गतिविधि नभई सांस्कृतिक सम्पदाको संरक्षण हो ।

प्रस्तुत कथासूचीले देखाएझैं आधुनिक नेपाली कथाका अधिकांश आधारभूत र प्रतिनिधि रचनाहरू शारदामार्फत सार्वजनिक भएका थिए । ती सामग्रीलाई मदन पुरस्कार पुस्तकालयले सङ्कलन, संरक्षण, माइक्रोफिल्मिङ, डिजिटलीकरण र व्यवस्थित अभिलेखीकरण नगरेको भए नेपाली कथाको प्रारम्भिक इतिहासका धेरै महत्त्वपूर्ण प्रमाणहरू हराउने जोखिम थियो । आज यही संरक्षण प्रयासका कारण अनुसन्धानकर्ताले आधुनिक नेपाली कथाको उद्भव, विकास, प्रवृत्ति र साहित्यिक रूपान्तरणलाई मूल स्रोतकै आधारमा अध्ययन गर्न सक्ने अवस्था बनेको छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनले मदन पुरस्कार पुस्तकालयमा संरक्षित शारदा पत्रिकाका प्रारम्भिक अङ्कहरूलाई आधार बनाई आधुनिक नेपाली कथाको विकासक्रम, अभिलेखीय संरक्षण र सांस्कृतिक स्मृतिबीचको अन्तरसम्बन्धलाई विश्लेषण गरेको छ । अध्ययनबाट शारदा आधुनिक नेपाली कथाको प्रकाशनमञ्च मात्र नभई नेपाली साहित्यको ऐतिहासिक विकास, सर्जनात्मक रूपान्तरण र सांस्कृतिक निरन्तरताको अभिलेखीय आधारका रूपमा स्थापित भएको पुष्टि हुन्छ । वि.सं. १९९१—२००० को अवधिमा प्रकाशित कथाहरूले नेपाली कथाको विषयवस्तु, भाषा, शैली, मनोवैज्ञानिक चेतना तथा सामाजिक यथार्थको क्रमिक विकासलाई अभिलेखित गरेका छन् । यही कारण शारदा आधुनिक नेपाली कथाको इतिहासलेखनका लागि प्राथमिक स्रोत र सांस्कृतिक स्मृतिको दस्तावेज दुवैका रूपमा महत्त्वपूर्ण रहेको देखिन्छ ।

अध्ययनले आधुनिक नेपाली कथाका प्रमुख स्रष्टाहरू गुरुप्रसाद मैनाली, विश्वेश्वरप्रसाद कोइराला, भवानी भिक्षु, बालकृष्ण सम, तारिणीप्रसाद कोइराला, केशवराज पिँडाली, विजयबहादुर मल्ललगायतका कथाकारहरूको प्रारम्भिक सिर्जनालाई शारदाले संस्थागत प्रकाशनमञ्च प्रदान गरेको तथ्यलाई प्रमाणसहित स्पष्ट गरेको छ । यस अर्थमा शारदाले केवल कथा प्रकाशित गरेको होइन, आधुनिक नेपाली कथाको साहित्यिक क्यानन निर्माण गर्ने ऐतिहासिक भूमिका पनि निर्वाह गरेको देखिन्छ । पछि नेपाली साहित्यका प्रतिनिधि कृतिका रूपमा स्वीकृत भएका धेरै कथाहरूको पहिलो प्रकाशन शारदामै भएको तथ्यले यसको साहित्यिक तथा ऐतिहासिक महत्त्वलाई अझ सुदृढ बनाएको छ ।

त्यसैगरी, यस अनुसन्धानको अर्को महत्त्वपूर्ण निष्कर्ष मदन पुरस्कार पुस्तकालयको अभिलेखीय योगदानसँग सम्बन्धित छ । पुस्तकालयले शारदाका दुर्लभ अङ्कहरूको सङ्कलन, सूचीकरण, वर्गीकरण, संरक्षण, माइक्रोफिल्मिङ तथा डिजिटलीकरणमार्फत नेपाली साहित्यिक सम्पदालाई दीर्घकालीन रूपमा सुरक्षित राखेको छ । यदि यी अभिलेखहरू समयमै व्यवस्थित रूपमा संरक्षण नगरिएका भए आधुनिक नेपाली कथाको प्रारम्भिक इतिहास, क्यानन निर्माणको प्रक्रिया तथा साहित्यिक विकासक्रमको विश्वसनीय पुनर्निर्माण सम्भव हुने थिएन । यसले पुस्तकालयलाई केवल ज्ञानसङ्ग्रह गर्ने संस्था होइन, नेपाली साहित्यको संस्थागत स्मृति र सांस्कृतिक धरोहरको संरक्षकका रूपमा स्थापित गरेको छ ।

सैद्धान्तिक दृष्टिले हेर्दा अभिलेखीय सम्पदा संरक्षण अवधारणा र सांस्कृतिक स्मृति सिद्धान्तको संयुक्त प्रयोगले साहित्यिक इतिहास अध्ययनमा नयाँ अन्तरविषयक सम्भावना उद्घाटित गरेको छ । यस अध्ययनले साहित्य, पुस्तकालय तथा सूचना विज्ञान, अभिलेख अध्ययन र सांस्कृतिक अध्ययनबीचको सम्बन्धलाई एकीकृत गर्दै अभिलेखलाई इतिहास निर्माणको सक्रिय आधारका रूपमा

पुनर्स्थापित गरेको छ । यसले नेपाली साहित्यको इतिहासलाई केवल पाठविश्लेषणमा सीमित नराखी त्यसका स्रोत, संरक्षण प्रणाली र स्मृतिसंरचनासँग जोडेर अध्ययन गर्ने अनुसन्धानपरम्परालाई सुदृढ बनाउने अपेक्षा गरिएको छ । भविष्यमा शारदाका उत्तरवर्ती अङ्कहरू, अन्य समकालीन साहित्यिक पत्रिकाहरू तथा डिजिटल अभिलेखहरूको तुलनात्मक अध्ययनमार्फत नेपाली साहित्यको अभिलेखीय इतिहासलाई अझ व्यापक र समृद्ध बनाउने सम्भावना रहेको निष्कर्ष यस अध्ययनले प्रस्तुत गरेको छ ।

**सान्दर्भसूची**


घिमिरे, रघु (२०३२), *नेपाली साहित्यको विकासमा शारदा पत्रिकाकको योगदान*, काठमाडौः नेपाली केन्द्रीय विभाग ।

सिजापति, रमेशजङ्ग (२०६४), *आधुनिक नेपाली कथाको सम्पादन परम्पराको अध्ययन*, अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभाग ।

Assmann, J. (1995). *Collective memory and cultural identity*. New German Critique, 65, 125–133.

Assmann, J. (2011). *Cultural memory and early civilization*: Writing, remembrance, and political imagination. Cambridge University Press.

Bloom, H. (1994). *The Western canon: The books and school of the ages*. New York, NY: Harcourt Brace.

Derrida, J. (1995). *Archive fever: A Freudian impression* (E. Prenowitz, Trans.). University of Chicago Press.

Guillory, J. (1993). Cultural capital: The problem of literary canon formation. Chicago, IL: University of Chicago Press

Harvey, R. (2011). *Preserving digital materials* (2nd ed.). De Gruyter Saur.

International Federation of Library Associations and Institutions. (2021). *IFLA guidelines for libraries supporting cultural heritage*. The Hague, The Netherlands: Author.

Madan Puraskar Pustakalaya. (2009). *Descriptive catalog of Milkieko Itivritta*. Madan Puraskar Pustakalaya.

Thapa, A. (2025). From lunch money to literary movement: Evolution of Madan Puraskar Library. *Access: An International Journal of Nepal Library Association*, 4(1).

UNESCO. (2015). *Recommendation concerning the preservation of, and access to, documentary heritage including in digital form*. UNESCO.

United Nations Educational, Scientific and Cultural Organization. (2015). Recommendation concerning the preservation of, and access to, documentary heritage including in digital form. Paris, France: UNESCO. Retrieved from https://unesdoc.unesco.org/